# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर,

२०७३

प्रदेश नं. १ नेपाल

### आ.व.२०७६/०७७ को लागि हाट बजार, विज्ञापन कर तथा कवाडी कर संकलनका लागि पुन : शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना !

**दोश्रो पटक सूचना प्रकाशित मिति : २०७६/०४/२४**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका देहाय ठेक्काहरु शिलबन्दी दरभाउ-पत्र मार्फत ठेक्का बन्दोबस्तको लागि दरभाउ-पत्र आव्हनको सूचना प्रकाशित गरिएकोमा रितपूर्वक रुपमा कुनैपनि दरभाउ-पत्र पेश हुन नआएकोले देहायका शर्तहरुको अधिनमा रहि पुन : यो शिलबन्दी दरभाउ-पत्र आव्हनको सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| सि नं. | ठे.नं. | ठेक्का विवरण | न्यूनतम अंक | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्नुपर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | ०३/०७६/७७ | विज्ञापन कर संकलन ठेक्का | १,००,००० | ०७६ श्रावण ३० | ०७६ श्रावण ३१ |
| २ | ०४/०७६/७७ | कवाडी कर संकलन ठेक्का | १,००,००० | | |
| ३ | ०६/०७६/७७ | लालबजार र सुपाडे साप्ताहिक हाट बजार कर संकलन ठेक्का | ९०,००० | | |
| ४ | ०८/०७६/७७ | शुक्रबारे बजार साप्ताहिक हाट बजार कर संकलन ठेक्का | ३०००० | | |
| ५ | १०/०७६/७७ | पुरन्दह र गलफडिया बजार साप्ताहिक हाट बजार कर संकलन ठेक्का | २०००० | | |

**शर्तहरु :**

१ दरभाउ-पत्र फाराम सुचना प्रकाशित मितिले ७ दिन भित्र (कार्यालय समयमा) रु.१००० रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा बैंक भौचरका साथ इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट वा निजको आधिकारीक प्रतिनिधीले कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सक्नेछ।

२ दरभाउ-पत्र फाराम साथ आफूले कवोल गरेको कुल रकमको ५% धरौटी रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक रामपुर शाखा स्थित धरौटी खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।

३ खरीद भएका दरभाउ-पत्रहरुको प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खाम वाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी खरिद गर्नुपर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२ : ०० बजे सम्ममा शिलबन्दी गरी यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ।

४ दर्ता हुन आएका शिलबन्दी दरभाउ-पत्रहरु दर्ता गर्ने अन्तिम दिनको १ :०० बजे यस कार्यालयमा दरभाउपत्र-दाता वा निजको प्रतिनिधीको रोहोवरमा खोलिनेछ। दरभाउपत्र-दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउ-पत्र कुनै वाधा पर्ने छैन।

५ दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६ ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिती स्वीकार्य हुने छैन। कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधिभित्र रही वेलका नगरपालिकाको कार्यालय रामपुर, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ।

७ ठेकेदारले उठाउने कर बे.न.पा.को स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ।

८ सम्झौताको समयमा ठेक्काको कवोल अंक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा मु.अ.कर वाहेक कवोल रकमको १०% सम्म छुट दिने वा नदिने अधिकार बे.न.पा. कार्यालयमा सुरक्षित हुनेछ।

९ ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात कुनैपनि शर्तमा ठेक्काको बुझाउनुपर्ने रकम छुट वा माफ/मिनाहा हुनेछैन।

१० ठेक्का अवधि सम्झौता भएको मिति देखि लागू हुने गरी २०७६ आषाढ मसान्तसम्म हुनेछ।

११ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य प्रचलित ऐन, कानुन अनुसार हुनेछ